# १० आर्थिक व्यवस्थापन

## पृष्ठभुमी

स्वास्थ्य स◌ंस्थाहरुमा प्रदेश भरी शसर्त अनुदान, समानीकरण अनुदान साथै विशेष अनुदानका बिभिन्न कार्यक्रम सञ्चालनको लागि स्वीकृत बजेटको व्यवस्था गरिएको हुन्छ । स्वीकृत कार्यक्रमहरुको कार्यान्वयनको अवस्था, कार्यक्रम सञ्चालनमा देखा परेका समस्या तथा समस्या समधानको लागि गरिएको प्रयासले आगामी वर्षहरुमा पृष्ठपोषणको रुपमा काम गर्दछन । यस खण्डमा विशेष गरी स्विकृत स्वास्थ्य कार्यक्रमहरुको समग्र भौतिक प्रगति, बित्तिय प्रगति, मुख्य उपलब्धिहरु जस्ता विषयहरु समवेश गरिएको छ । आ.व. २०७९/८० मा पनि विभिन्न कारणले गर्दा स्विकृत कार्यक्रमहरु समयमै सम्पन्न गर्न कठिनाई परेको थियो भने कतिपय खर्च शीर्षक एवं लक्ष्य नमिल्दा कार्यक्रम सञ्चालनमा बाधा परेको थिय◌ो । यस निर्देशनालय मार्फत विभिन्न कार्यकलाप संचालन तथा संचालित कार्यक्रम लागायत अधिकार क्षेत्र भित्रका समग्र स्वास्थ्य क्षेत्रको अनुगमन कार्यको लागि वजेट विनियोजन भएको छ । यस वर्ष विविध कोष तर्फ जम्मा वजेट रु. ५३,२२,९७०.०० मध्ये रु. ४९,६५,७४२.४२ खर्च भएको छ भने धरौटी तर्फ गत वर्षको अल्या रु. १५,९६,१२८.१० मध्ये २,४७,००५.०० खर्च भएको छ ।आर्थिक वर्ष २०७९/०८० मा निर्देशनालयले जम्मा रु. १४,३०,७००.०० राजश्व प्राप्त गरी सरकारी खातामा जम्मा गरेको छ ।

## आ.व. २०७९/०८० को वार्षिक भौतिक तथा वित्तीय प्रगति

तालिका नं. १ प्रदेश समानीकरण तर्फ

| बजेट शिर्षक | विनियोजित बजेट | खर्च भएको बजेट | वित्तीय प्रगति प्रतिशत | भौतिक प्रगति प्रतिशत |
|---|---|---|---|---|
| प्रदेश चालु तर्फ | ३,७८,७१,०००.०० | २,७६,०५,०८०.५९ | ७२.८९ | ८५ |
| पुँजीगत | १५,००,०००.०० | ८,२६,०३८.९४ | ५५.०७ | ६० |
| कुल विनियोजित | ३,९३,७१,०००.०० | २,८४,३१,११९.५३ | ७२.२१ | ७२.५ |

तालिका नं. २ संघ सशर्त अनुदान तर्फ

| बजेट शिर्षक | विनियोजित बजेट | खर्च भएको बजेट | वित्तीय प्रगति | भौतिक प्रगति |
|---|---|---|---|---|
| चालु तर्फ | ६,७०,८७,०००.०० | २,७७,१५,८४२.३७ | ४१.३१ | ५५ |
| पुँजीगत तर्फ | २,००,०००.०० | १,९७,८६३.०० | ९८.९३ | १०० |
| कुल विनियोजित | ६,७२,८७,०००.०० | २,७९,१३,७०५.०० | ४१.४८ | ७० |

तालिका नं. ३ कोरोना कोषको आर्थिक विवरण

| कोरोना कोषको आर्थिक विवरण | | |
|---|---|---|
| गत वर्षको अल्या रकम | ४२,५०,००८.६३ | गत वर्षको कोरोना विविध कोषको रकम मौज्दात बाँकी रहेको यस आर्थिक वर्षमा थप वजेट प्राप्त नभएको । |
| कुल जम्मा निकासा तथा खर्च रकम | ४२,५०,००८.६३ | |
| कोषमा बाँकी रकमः | ०.०० | |

तालिका नं. ४ बेरुजुको विवरण (रु.हजारमा)

| विवरण \आ.व. | | २०७४/७५ सम्मको | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | कुल जम्मा |
|---|---|---|---|---|---|---|
| बेरुजु | असुल उपर गर्ने | १,०३६.५९ | ७०४.६२ | २,६६६.६० | ०.० | ४,४०७.८१ |
| | नियमित गर्नु पर्ने | १८,०९२.०७ | ३२,८३२.६२ | ६२,०६७.३६ | १००.९३३ | १,१३,०९२.९८ |
| | पेश्की बाकी | ०.०० | ३,३९२.५७ | ३५०.०० | ०.०० | ३,७४२.५७ |
| | जम्मा | १९,१२८.६६ | ३६,९२९.८१ | ६५,०८३.९६ | १००.९३३ | १,२१,२४३.३६ |
| फछ्र्यौट | असुल उपर गर्ने | ३४२.२६ | ४९०.४८ | ४६१.९३ | ०.०० | १,२९४.६७ |
| | नियमित गर्नु पर्ने | १,०२२.६४ | ११,७०७.०० | ३,४५८.५२ | ०.०० | १६,१८८.१६ |
| | पेश्की | ०.०० | ३,२४३.५७ | ३५०.०० | ०.०० | ३,५९३.५७ |
| | जम्मा | १,३६४.८९ | १५,४४१.०४ | ४,२७०.४४ | ०.०० | २१,०७६.३७ |
| बाँकी | असुल उपर गर्ने | ६९४.३३ | २१४.१४ | २,२०४.६७ | ०.०० | ३,११३.१४ |
| | नियमित गर्नु पर्ने | १७,०६९.४४ | २१,१२५.६३ | ५८,६०८.८५ | १००.९३३ | ९६,९०४.८५ |
| | पेश्की | ०.०० | १४९.०० | ०.०० | ०.०० | १४९.०० |
| | जम्मा | १७,७६३.७७ | २१,४८८.७७ | ६०,८१३.५२ | १००.९३३ | १००,१६६.९९ |
| फछ्र्यौट % | | | ०.०० % | | | |

तालिका नं. ५ आर्थिक प्रशासनसँग सम्बन्धित मुख्य सवालहरु

| क्र.सं | चुनौती / समस्या | समाधानका उपाय | जिम्मेवार निकाय |
|---|---|---|---|
| १ | स्वास्थ्य क्षेत्रमा कम लगानी तथा प्राथमिकता | • नीति तथा योजनाहरुमा स्वास्थ्य क्षेत्रमा भएको लगानीलाई प्राथमिकता पूर्वक बिकासको आधारको रुपमा हेरिनुपर्ने ।<br>• हरेक तहमा स्वास्थ्य क्षेत्रका लागि कम्तीमा १०% बजेट बिनीयोजन गर्नुपर्ने । | संघ, प्रदेश र स्थानिय तह |
| २ | स्वास्थ्यका समस्या बढ्दै जानु तर बजेटको मात्रा घट्दै जानु । | योजना अनुसार बजेटको मात्रा बढाउदै जानुपर्ने । | अर्थ मन्त्रालय |
| ३ | वित्तीय प्रगतीको तुलनामा बेरुजु बढ्दै जानु । | • योजना, अनुगमन प्रणाली लागु गर्नुपर्ने ।<br>• आन्तरिक नियन्त्रण प्रणाली सबल बनाउनुपर्ने ।<br>• लेखा र योजनामा काम गर्ने कर्मचारीहरुलाई समय सापेक्ष तालिमको व्यवस्था हुनुपर्ने । | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालय |
| ४ | बेरुजु फछ्यौंट मा कम ध्यान दिइनु | • लक्ष्य नै तोकेर कार्य अगाडि बढाउनु पर्ने ।<br>• मन्त्रालयले नियमित अनुगमन गर्नुपर्ने ।<br>• बेरुजु फछ्यौंटको लक्ष्य प्राप्त गर्ने कार्यालय र जिम्मेवार अधिकारीलाई पुरस्कृत गर्ने ।<br>• कार्य सम्पादन मुल्याकंनलाई बेरुजु फछ्यौंटसँग आवद्ध गर्ने नीति लिने । | सबै निकाय प्रमुख |
| ५ | संघीय शसर्त तर्फको वार्षिक कार्यक्रमको खर्च शिर्षक र लक्ष्यमा त्रुटी हुनु । | बार्षिक कार्यक्रमको खर्च शीर्षक र लक्ष्य सही तरिकाले तय गर्नुपर्ने । | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, काठमाडौं र अर्थ मन्त्रालय, काठमाडौं |